annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ६७ पृष्ठ ८ | काठमाडौं, ... संवत् ११४४ | SATURDAY, JULY 6, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०




कभर स्टोरी

# संघमा फेरबदल, प्रदेशमा परकम्प

केन्द्रमा कांग्रेस एमालेको नयाँ गठबन्धन बनेसँगै प्रदेश सरकारमा असर परेको छ। नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले नेतृत्व गरेको प्रदेश सरकारबाट एमाले बाहिरिएको छ। बागमती प्रदेश, सुदूरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशका सरकार अल्पमतमा परेका छन्। बागमती र लुम्बिनीमा माओवादी केन्द्रको नेतृत्वमा सरकार छ भने सुपमा एकीकृत समाजवादीको नेतृत्वको छ। कोशी प्रदेश र कर्णाली प्रदेशमा एमाले, गण्डकीमा कांग्रेस र मधेसमा जनमत पार्टीको नेतृत्वमा सरकार छ। मधेस सरकारमा मधेसी दललाई नेतृत्व दिने र अन्य ६ प्रदेशमा कांग्रेस र एमालेले ३/३ वटा भागबन्डा गर्ने सहमति बाहिरिएको छ।

**शिवराज भट्ट** | *धनगढी*
**कृष्ण सारू मगर** | *हेटौंडा*
**कृष्णमणि बराल** | *पोखरा*
**केशरराज क्षेत्री** | *बुटवल*
**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*
**हरिबहादुर लम्जेल** | *धनकुटा*
**गोविन्द महतो** | *जनकपुरधाम*

– को रिपोर्ट

समाचार पृष्ठ २

# टेलिकमको प्रबन्ध निर्देशक राख्ने प्रक्रियाको हतारोमा अल्पमत सरकार

- यो काम पूरा गरेमा मुख्यसचिव बनाइदिने सचिव सुवेदीलाई आश्वासन, उनी दिलोज्यानले खट्दै

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सरकार भारी अल्पमतमा परिसक्यो। आउँदो २८ गते विश्वासको मत लिने प्रधानमन्त्रीले तय गरिसके। एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा अर्को सरकारका लागि करिब दुई तिहाइ सांसद समर्थनमा तयार भइसके। तर, पुष्पकमल दाहाल सरकार दीर्घकाललाई प्रभाव पर्ने गरी नेपाल टेलिकममा प्रबन्ध निर्देशक राख्ने प्रक्रियामा तीव्र गतिमा लागेको छ।

त्यसका लागि बिहीबारबाट धमाधम अन्तर्वार्ता भइरहेको छ। बिहीबार र शुक्रबार गरी ९ जनाको व्यावसायिक कार्ययोजनाको प्रस्तावसहित अन्तर्वार्ता भइसकेको छ। शनिबार बिदाको दिन बिहानैबाट सुरु गरेर बाँकी ७ जनाको गरेर सकिँदैछ।

प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार टेलिकमका महाप्रबन्धक नियुक्तिसँग मुख्य सचिवको पद परीक्षामा राखिएको छ। त्यसका लागि हालका सञ्चार सचिव रामकृष्ण सुवेदीलाई यो चुनौतीपूर्ण काम अह्राइएको छ। 'टेलिकमको महाप्रबन्धक हामीले चाहेको व्यक्ति तत्काल राख्ने प्रक्रिया पूरा गराउनुहोस्, तपाईंलाई मुख्यसचिव म जानुअघि जसरी पनि बनाउँला भनेर उहाँलाई प्रधानमन्त्रीले भन्नुभएको छ,' प्रधानमन्त्री कार्यालय स्रोतले भन्यो, 'त्यसकै लागि सञ्चार मन्त्रालय दिलोज्यान लगाएर खटेको छ।'

स्रोतका अनुसार प्रधानमन्त्रीको चाहना अनीलकुमार झा वा डा. विमल आचार्यमध्ये एकलाई टेलिकमको प्रबन्ध निर्देशक बनाउने छ। 'त्यसैका लागि यो प्रक्रिया पूरा गर्ने औपचारिकता अपनाइएको हो', स्रोतले भन्यो, 'छाड्नुअघि दुवै पदमा नियुक्ति गर्ने उहाँको रणनीति छ।'

मन्त्रालय स्रोतका अनुसार छिटोछिटो प्रक्रिया अघि बढाउन सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा पनि उत्तिकै खटिएकी छन्। मन्त्रालयले जेठ २२ गते १५ दिने सूचना प्रकाशित गरेर दरखास्त माग गरेको थियो। दरखास्त परेकामध्येबाट १६ जनाको स्वीकृत भएको थियो।

दरखास्त स्वीकृतमध्ये अनन्तप्रकाश मल्लिक, अनिलकुमार झा, कमल लामिछानेको असार २० मा व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण र अन्तर्वार्ता भएको छ। असार २१ मा कृष्णप्रसाद भण्डारी, केदारनाथ कोइराला, चिन्तामणि बराल, नगेन्द्रकुमार दास, बुद्धिप्रसाद आचार्य, प्रेमप्रसाद सिलवालको प्रस्तुतीकरण र अन्तर्वार्ता सकिएको छ। अब ७ जनाको अन्तर्वार्ता हुन बाँकी छ। टेलिकमकी कार्यवाहक प्रबन्ध निर्देशक संगीता पहाडी अर्याल, डा.(इ.) शालिग्राम पराजुली, इ. शालिकराम सुवेदी, डा. विमल आचार्य, लक्ष्मण महर्जन, राजेश जोशी, रमेशप्रसाद जोशीको अन्तर्वार्ता हुन बाँकी छन्।

१६ जनाको कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्ता सकिएपछि छनोट समितिले ३ जनाको नाम सिफारिस गर्नेछ। त्यसका आधारमा मन्त्रिपरिषद्ले टेलिकमको प्रबन्ध निर्देशक नियुक्त गर्नेछ। तत्काल बस्ने मन्त्रिपरिषद्को बैठकले नियुक्तिको निर्णय गर्ने तयारी छ। झा, जनक शिक्षा सामग्री केन्द्रका प्रबन्ध निर्देशक हुन्। प्रधानमन्त्री दाहाल झालाई बनाउने पक्षमा छन्। सञ्चारमन्त्री शर्मा भने डा. आचार्यका पक्षमा छिन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले टेलिकमका तत्कालीन प्रबन्ध निर्देशक सुनील पौडेलविरुद्ध मुद्दा चलाएसँगै यो पद खाली छ।

यो नियुक्ति प्रक्रियामा मुख्यसचिवको पनि उत्तिकै महत्त्वपूर्ण भूमिका हुन्छ। अख्तियारबाट तत्कालीन मुख्यसचिव वैकुण्ठ अर्यालको निलम्बनपछि लीलादेवी गड्तौला निमित्त मुख्यसचिव छिन्। यो अवस्थामा राजनीतिक नेतृत्वले जुनसुकै दीर्घकालीन असर पर्ने निर्णय गर्न सक्छ। दीर्घकालीन प्रभाव पर्ने निर्णय हुन रोक्ने, संरक्षण गर्ने र प्रशासनिक मर्यादा राख्ने जिम्मेवारी मुख्यसचिवको हो। उनले यो भूमिका निर्वाह गर्न सकेमा प्रशासनिक नेतृत्व राम्रो छाप पर्ने सरोकारवाला बताउँछन्।

अहिलेको अल्पमतको सरकारले गरेका दीर्घकालीन असर पार्ने निर्णयलाई आगामी बन्ने सरकारले स्वामित्व लिने सम्भावना हुँदैन। सार्वजनिक प्रशासन सुधारमा सारभूत परिवर्तन गर्ने, सरकारका निर्णयहरूलाई उत्कृष्ट बनाउने र निजामती कर्मचारीको हितानुकूल हुने गरी मुख्यसचिवले काम गर्नुपर्ने हुन्छ। तर, पछिल्ला समय मुख्यसचिवले प्रशासनिक नेतृत्व अभिभावकत्व निर्वाह गर्न सकिरहेका छैनन्। निमित्त नै भए पनि यो भूमिकामा गड्तौलाले खरो रूपमा उत्रनुपर्ने धेरैको सुझाव छ।

उता मुख्यसचिवमा सञ्चार सचिव सुवेदी सबैभन्दा अगाडि छन्। उनी प्रधानमन्त्री दाहालसहित माओवादी केन्द्रको रोजाइका व्यक्ति हुन्। टेलिकमको प्रबन्ध निर्देशक बनाउने जिम्मा पूरा गरेपछि सुवेदीलाई मुख्यसचिव बनाएर बिदा हुने सुरमा प्रधानमन्त्री दाहाल छन्।

हुन त मुख्यसचिवको रेसमा राष्ट्रिय योजना आयोगका सचिव तोयनारायण ज्ञवाली, गृहसचिव रहेका एकनारायण अर्याल, अर्थसचिव मधुकुमार मरासिनी र सचिव दिनेश भट्टराई तथा स्वयं निमित्त मुख्यसचिव गड्तौलालगायत छन्।

सत्ताबाट बाहिरिएको नेकपा एमालेले अल्पमतमा पुगेका प्रधानमन्त्री दाहाललाई दीर्घकालीन महत्त्वको निर्णय नगर्न खबरदारी गरेको छ। विश्वासको मत लिनुअघि प्रधानमन्त्री दाहालले भटाभट दीर्घकालीन असर गर्ने निर्णय गर्न थालेका छन्।

पूर्वमुख्यसचिव विमल कोइराला मुलुकलाई दीर्घकालीन असर गर्ने ठूला नियुक्ति यो सरकारले गर्न नहुने बताउँछन्। 'ठूलो नियुक्ति गर्नु हुँदैन, मुलुकलाई दीर्घकालीन असर पर्ने नियुक्त पनि यो सरकारले गर्नु हुँदैन,' उनले भने।

**व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण र अन्तरवार्तासम्बन्धी सूचना**

- नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशक पदका लागि मिति २०८१/०२/२२ गतेको गोरखापत्रमा प्रकाशित सूचना अनुसार दरखास्त दर्ता गराएका उम्मेदवारहरूको व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण र अन्तरवार्ता वर्णानुक्रम अनुसार देहायको मिति, समय र स्थानमा हुने भएकाले उपस्थित हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क. सं. | मिति, समय र स्थान | उम्मेदवारको नाम, थर | व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरण | अन्तरवार्ता |
|---|---|---|---|---|
| १. | २०८१/०३/२० गते बिहिबार बेलुका ५:१५ बजे सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | श्री अनन्त प्रकाश मल्लिक | ५:१५ बजे | ५:४५ बजे |
| | | श्री अनिल कुमार झा | ६:१५ बजे | ६:४५ बजे |
| | | श्री कमल लामिछाने | ७:१५ बजे | ७:४५ बजे |
| २. | २०८१/०३/२१ गते शुक्रबार बिहान ७:०० बजे सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | श्री कृष्ण प्रसाद भण्डारी | ७:०० बजे | ७:३० बजे |
| | | श्री केदार नाथ कोइराला | ८:०० बजे | ८:३० बजे |
| ३. | २०८१/०३/२१ गते शुक्रबार दिनको ३:१५ बजे सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | श्री चिन्ता मणि बराल | ३:१५ बजे | ३:४५ बजे |
| | | श्री नगेन्द्र कुमार दास | ४:१५ बजे | ४:४५ बजे |
| ४. | २०८१/०३/२१ गते शुक्रबार दिनको ५:०० बजे सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | श्री प्रेमप्रसाद सिलवाल | ५:०० बजे | ५:३० बजे |
| | | श्री बुद्धी प्रसाद आचार्य | ६:०० बजे | ६:३० बजे |
| ५. | २०८१/०३/२२गते शनिबार बिहान ११:०० बजे सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | श्री रमेश प्रसाद जोशी | ११:०० बजे | ११:३० बजे |
| | | श्री राजेश जोशी | १२:०० बजे | १२:३० बजे |
| | | श्री लक्ष्मण महर्जन | १:०० बजे | १:३० बजे |
| ६. | २०८१/०३/२२ गते शनिबार दिउसो २:१५ बजे सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | डा. विमल आचार्य | २:१५ बजे | २:४५ बजे |
| | | ई. शालिक राम सुवेदी | ३:१५ बजे | ३:४५ बजे |
| ७. | २०८१/०३/२२ गते शनिबार दिउसो ४:३० बजे सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | डा.(ई) शालिग्राम पराजुली | ४:३० बजे | ५:०० बजे |
| | | श्री संगिता पहाडी अर्याल | ५:३० बजे | ६:०० बजे |

# १४ वर्षमा फर्कियो बेलायतमा लेबर

**ध्रुवराज अर्याल** | *लन्डन*

बेलायतमा सम्पन्न आम निर्वाचनमा विपक्षी लेबर पार्टीले भारी बहुमत प्राप्त गरेको छ।

बिहीबार सम्पन्न निर्वाचनमा तल्लो सदन हाउस अफ कमन्समा प्रतिनिधित्व गर्ने कुल ६ सय ५० निर्वाचन क्षेत्रमध्ये लेबरले ४ सय १२ स्थानमा विजय हासिल गरेको छ।

दुई तिहाइ नजिकको बहुमतसहित लेबर पार्टीका नेता सर केर स्टार्मर बेलायतको नयाँ प्रधानमन्त्री बनेका छन्। र अन्ततः १४ वर्षदेखि निरन्तर सत्तामा रहेको कन्जरभेटिभ पार्टीको युगलाई समाप्त गर्दै लेबरले सत्तामा पुनरागमन गरेको छ।

यसअघिका प्रधानमन्त्री ऋषि सुनक नेतृत्वको सत्तारूढ कन्जरभेटिभ पार्टी भने यो निर्वाचनमा नराम्रो पराजय भोग्न बाध्य बनेको छ। देशभरमा कन्जरभेटिभ पार्टीले मात्रै १ सय २१ सिटमा जित सुरक्षित गरेको छ।

लिबरेल डेमोक्र्याट पार्टीले जम्मा ७ स्थानमा जित हासिल गरेर तेस्रो पार्टी बनेको छ। स्कटल्यान्ड आधारित स्कटिस नेसनल पार्टी जम्मा ९ सिटमा सीमित बनेको छ। पहिलोपटक निर्वाचन लडेको ब्रेक्जिट अभियन्ता नाइजेल फाराज नेतृत्वको कट्टरवादी रिफर्म यूकेले ४ सिट जितेको छ।

सन् २०१९ मा सम्पन्न पछिल्लो आम निर्वाचनको तुलनामा लेबर पार्टीले झन्डै दोब्बर बढी स्थानमा जित हात पारेको छ। जसअनुसार उसलाई कमसेकम १ सय ७४ सिटको बहुमत प्राप्त भएको छ।

लेबर पार्टीका लागि यो विजय सन् १९९७ मा तत्कालीन नेता टोनी ब्लेयरले हासिल गरेको १ सय ७९ को बहुमतकै हाराहारीमा हो।

तर कन्जरभेटिभ पार्टीले पछिल्लोपटक जितेका स्थानमध्ये एक तिहाइ स्थानमात्रै सुरक्षित गरेको छ। पार्टीको शीर्ष तहकै कयौं नेता र मन्त्रीहरूसमेत पराजित बनेका छन्। पूर्वप्रधानमन्त्री लिज ट्रस, पार्टीको भावी नेतृत्व दाबी गर्ने ठानिएकी कमन लिडर पेनी मोर्डन्ट, रक्षामन्त्री ग्र्यान्ट श्याप्स, पूर्वमन्त्री ज्याकव रिस मोगलगायतका प्रभावशाली नेतासहित सुनक मन्त्रिमण्डलका कयौं मन्त्रीसमेत सांसद निर्वाचित हुन असफल भएका छन्।

बेलायती संसद्मा तेस्रा ठूलो दल बनेको लिबरल डेमोक्र्याटलाई पनि नतिजा ऐतिहासिक रूपमा सुखद बनेको छ। उसले प्राप्त गरेको कुल ७१ सिट पछिल्लो निर्वाचनको तुलनामा ६३ बढी हो। उता स्कटल्यान्डलाई बेलायतबाट अलग गराउनुपर्ने पक्षमा पैरवी गर्दै आएको स्कटिस नेसनल पार्टी पनि बढारिएको छ। पार्टीले अघिल्लो निर्वाचनमा पाएको ३८ सिट यसपटक गुमाएको छ।



**५८औं प्रधानमन्त्री बने स्टार्मर**

लेबर पार्टीको भारी बहुमतसहित पार्टीका नेता सर केयर स्टार्मर बेलायतको ५८औं प्रधानमन्त्री नियुक्त भएका छन्।

निर्वाचनको जितसँगै शुक्रबार मध्याह्न बकिङ्हम प्यालेस पुगेर राजा चार्ल्सलाई भेटेपछि उनी देशको नयाँ प्रधानमन्त्री नियुक्त भएका हुन्।

६१ वर्षीय नवनिर्वाचित प्रधानमन्त्री स्टार्मर सन् २०२०देखि बेलायतको तत्कालीन प्रमुख विपक्षी लेबर पार्टीको नेता रहँदै आएका थिए। त्यसअघि उनी सन् २०१५ देखि लन्डनको किङ क्रस एन्ड सेन्ट प्यांक्रास निर्वाचन क्षेत्रबाट सांसद निर्वाचित हुँदै आएका छन्।

स्टार्मरको पारिवारिक पृष्ठभूमि वर्किङ क्लास हो। उनका बाबु मिस्त्रीको रूपमा काम गर्थे भने आमा यहाँको नेसनल हेल्थ सर्भिसमा काम गर्ने नर्स थिइन्। स्टार्मर आफ्नो परिवारबाटै युनिभर्सिटी जाने पहिलो सदस्य थिए।

राजनीतिमा आउनुअघि स्टार्मर एक कानुन व्यवसायी थिए। सन् १९८७ मा ब्यारिस्टर बनेका उनको विशेषज्ञता मानवअधिकारका क्षेत्रमा थियो। सन् २००८ मा क्राउन प्रोजिक्युसन सर्भिस (अभियोजन कार्यालय)को प्रमुख नियुक्त भएका उनले अपराधीहरूलाई न्यायको दायरामा ल्याउने कार्यमा विशेष योगदान गरेबापत राज्यबाट सम्मानित हुँदै सर केयर स्टार्मर बनेका थिए।

स्टार्मरकी पत्नी भिक्टोरिया पनि नेसनल हेल्थ सर्भिसमै कार्यरत छन्। उनीहरूका एक छोरा र एक छोरी छन्।

प्रधानमन्त्री नियुक्त भएलगत्तै स्टार्मरले सरकारी कार्यालय १० डाउनिङ स्ट्रिटबाहिर उभिएर आफ्नो पहिलो सम्बोधन गरे।

» बाँकी पृष्ठ ६